"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"

# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
प्रदेश नं. ३, नेपाल

☎ ०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या :
चलानी नं. :

मिति : २०७६/११/२२

## आदरणीय नगरवासीहरुमा नोवेल कोरोना भाईरस (कोभिड-१९) बारे हार्दिक अपिल ।

छिमेकी राष्ट्र चीनबाट सुरु भएको कोरोना भाईरस (कोभिड-१९) सक्रमणले हाल विश्वनै त्रस्त रहेको तत्थ विदितै छ। नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा मिति २०७६/११/२० गते बसेको काभ्रेपलाञ्चोक जिल्ला विपद् व्यवस्थापन समितिको आकस्मिक बैठकको निर्णय अनुसार देशभर सभा, सम्मेलन, भेला, महोत्सव, लगायतका धेरै भीडभाड जमघट हुने कार्यक्रम तथा कृयापकलापहरु नगर्न सार्वजनिक अपिल गरिसकेको छ। यस विषम परिस्थितिलाई ध्यानमा राखी कोरोना भाईरस (कोभिड-१९) संक्रमणबाट बच्न र बचाउँन यस नगर क्षेत्रका सरकारी, गैरसरकारी निकाय, शैक्षिक सँस्था लगायतका अन्य संघसंस्थालाई कुनै किसिमका ठुला सभा, मेला मोहत्सव, महायज्ञ, भेला, भोज, भतेर लगायत अत्याधिक भीडभाड जमघट हुने कार्यक्रम संचालन नगर्नका लागि नमोबुद्ध नगरपालिका हार्दिक अनुरोध गर्दछ । साथै कोरोना भाईरस (कोभिड-१९) संक्रमणबाट सचेत भई आफ्नो स्वास्थ्य स्थिति बारे चनाखो रहन, नियमित सरसफाईमा ध्यान दिन, धेरै भीडभाड जमघट हुने विविध कार्यक्रममा सहभागी नहुन र रुघाखोकी ज्वरोको सक्रमण देखिएमा तुरुन्त स्वास्थ्य सँस्थामा परिक्षण गराउनु हुँन सम्पूर्ण नगरवासी, सरोकारवाला निकाय एवं आम नागरिकहरुमा हार्दिक अपिल गर्दछौं । धन्यवाद ।

***"कोरोना भाईरस (कोभिड-१९) सक्रमणबाट आफु पनि बचौं अरुलाई पनि बचाऔं"***

..........................
(टंक प्रसाद शर्मा)
नगर प्रमुख

टंक प्रसाद शर्मा
नगर प्रमुख